प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १४४ ॥ २०८१ असार २० गते बिहिबार (4th Jul 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

## सरकारबाट बाहिरियो एमाले

# आठ मन्त्रीले दिए राजीनामा



झापा(प्रस) । नेकपा एमाले सरकारबाट बाहिरिएको छ । बुधबार अपरान्ह प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै बुधवार साँझ एमालेबाट सरकारमा सहभागी आठ जना मन्त्रीहरुले प्रधानमन्त्री दाहालसमक्ष राजीनामा दिएका छन् ।

चार महिनाअघि कांग्रेसलाई बिपक्षमा धकेलेर प्रमुख सत्ता साझेदारकारुपमा दाहाल नेतृत्वको सरकारमा सहभागी भएको एमाले अहिले आफ्नै नेतृत्वमा सरकार बनाउने तयारीसहित सरकारबाट बाहिरिएको छ ।

संसद्को दोस्रो ठूलो दल एमालेले पहिलो दल कांग्रेससँग मिलेर राष्ट्रिय सहमतिको सरकारको नेतृत्व गर्न लागेको हो । कांग्रेस र एमालेबीच सोमबार राति आलोपालो सरकारको नतृत्व गर्ने सहमतिसहित गठबन्धन गर्ने सहमति भएको थियो ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै नेतृत्वमा नयाँ सरकार गठन हुने निश्चित भएपछि पार्टीबाट मन्त्रीहरुलाई बुधबार साँझ बालकोटस्थित निवासमा बोलाएर राजीनामा दिन भनेका थिए । लगत्तै मन्त्रीहरुले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर राजीनामा बुझाएका हुन् । वर्तमान सरकारमा एमालेबाट आठ जना मन्त्री थिए ।

उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी , कृषिमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योगमन्त्री दामोदर भण्डारी, महिलामन्त्री भगवती चौधरी, खानेपानी मन्त्री राजेन्द्र राई र रक्षामन्त्री हरिप्रसाद उप्रेतीले राजीनामा दिएका हुन् ।

संविधानको धारा ७६ (२) अनुसार सरकार बनाउन आवश्यक बहुमत जुटिसकेको भन्दै एमाले र कांग्रेस दुवैले प्रधानमन्त्री दाहाललाई पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरेका छन् ।

त्यसैगरी नेपाली कांग्रेसले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि भएको सहमति सार्वजनिक भइसकेकाले अब प्रधानमन्त्री पुष्पकमल दाहालले मार्गप्रशस्त गर्न उचित हुने निष्कर्ष निकालेको छ ।

बुधबार बुढानिलकण्ठस्थित सभापति देउवाको निवासमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संसद्का प्रमुख दलहरुबीचमै नेपालको संविधानको धारा ७६(२) बमोजिम नयाँ सरकार गठनका लागि सहमति भइसकेकाले प्रतिनिधि सभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई मध्यनजर गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उचित हुने निष्कर्ष निकालेको हो ।

'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच नेपालको संविधानको धारा ७६(२) बमोजिम के.पी. शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेकोमा प्रतिनिधि सभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई मध्यनजर गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उचित हुने यो बैठक ठहर गर्दछ,' बैठकको निर्णयबारे कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्तिमार्फत् भनेका छन् ।

बैठकले राष्ट्रिय सहमतिको सरकार गठनसम्बन्धी सहमतिलाई स्वागत गर्दै कांग्रेस र एमालेबीच राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न, विकास निर्माणको अभियानलाई तिव्रता दिन, राजनीतिक स्थिरता कायम गर्न, संविधानको अभ्यासको समीक्षा गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशीतालाई सुदृढ गर्ने गरी संविधान संशोधन गर्न सहमति भएकोप्रति दृढता व्यक्त गरेको छ ।

यसैबीच लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले कांग्रेस र एमालेबीच राष्ट्रिय सहमतिको सरकार गठन गर्न भएको सहमतिलाई सकारात्मक भन्दै त्यसको समर्थन गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा बुधबार भएको पदाधिकारी बैठकले पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा गर्दै नयाँ सहमति गरेका राजनीतिक दलसँग सत्ता सहकार्य गरेर जाने निर्णय पनि गरेको छ ।

बैठकले कांग्रेस र एमालेबीच भएको सहमतिअनुरुप गठन हुने सरकारलाई समर्थन गर्ने निर्णय भएको प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिए ।

उनका अनुसार बैठकमा पार्टी अध्यक्ष महन्थ ठाकुरले मंगलबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भएको छलफलबारे जानकारी दिएका थिए ।

सचेतक चौधरीले विगतमा पनि कांग्रेससँग सहकार्य गरेकाले सोही दल सम्मिलित नयाँ गठबन्धनमा मिलेर काम गर्न कुनै समस्या नहुने बताए ।

## चोरीका घटनामा संलग्न ६ जना पक्राउ

झापा(प्रस) । झापाका विभिन्न ठाउँमा चोरी गर्ने ६ जनाको एक गिरोह पक्राउ परेको छ । पक्राउ पर्नेहरुमध्ये मुख्य प्रतिवादी कमल गाउँपालिका वडा नं. ३ बस्ने २२ वर्षीय सुस्मन थापा रहेका छन् । त्यस्तै चोरीको सुनको औठी बिक्री गर्ने कार्यमा संलग्न कमल गाउँपालिका वडा नं. ३ बस्ने २७ वर्षीय कृष्ण थापा , सुनको औठी खरिद गर्ने पाथीभरा बराइली ज्वेलर्स सुनचाँदी पसलका संचालक कमल गाउँपालिका वडा नं. ३ बस्ने ४३ वर्षीय अर्जुन विश्वकर्मा , सोही ज्वेलर्सका अर्का संचालक कमल गाउँपालिका वडा नं. ३ बस्ने नितेश बराईली, सुनको औठी खरिद गर्ने प्रतिक्षा भेराईटी किराना पसलका संचालक मेचीनगर नगरपालिका वडा नं. १० बस्ने ४० वर्षीय सुरेशकुमार दास र अर्जुनधारा नगरपालिका वडा नं. ११ गिरीबन्धु टि इस्टेटमा काम गर्ने सोही बगानको क्वाटरमा बस्ने ५१ वर्षीय सुनिल राजवंशी पक्राउ परेका छन् । राजवंशीले चोरीको सुनको औठी, सिक्री र चाँदीको ब्रास्लेट खरिद गरेका थिए । ईलाम रोङ गाउँपालिका वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्जुनधारा नगरपालिका वडा नं. ११ बस्ने ३६ वर्षीया दुर्गादेवी श्रेष्ठको घरमा र अर्जुनधारा नगरपालिका वडा नं. ११ स्टाफ चौक बस्ने ५१ वर्षीया उमा श्रेष्ठको घरमा गत जेठ १८ गते चोरी भएको थियो । त्यसैगरी बिर्तामोड नगरपालिका वडा नं. ५ नयाँ नमुना टोल बस्ने ३५ वर्षीया गंगा काफ्ले पौडेलको घरमा गत जेठ २१ गते चोरी भएको थियो । ती घटनाको सूचना इलाका प्रहरी कार्यालय बिर्तामोडमा प्राप्त भएपछि सो कार्यालयबाट खटिएको प्रहरी टोलीले चोरीमा संलग्न गिरोहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । असार १७ गते चोरीका सामानहरुसहित ६ जनालाई नियन्त्रणमा लिई झापा जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको डीएसपी चन्दले जानकारी दिए ।



## बिर्तामोड पूर्ण खोप सुनिश्चित पालिका घोषणा

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका



घोषणा गरिएको छ । १६ महिनादेखि २३ महिनासम्मका

❖ बाँकी अन्तिम पृष्ठमा






# पाठेघर र स्तन क्यान्सर पहिचान गर्न वडामै 'स्क्रिनिङ'




• **विनोद सापकोटा**

शिवगञ्ज ।झापाको शिवसताक्षी नगरपालिका- ६ शिवगञ्जकी ७१ वर्षीया वृद्धालाई आफूमा आङ खस्ने (पाठेघर खस्ने) समस्या रहेको मंगलबार मात्रै थाहा भयो । केही वर्ष अगाडिदेखि नै उनमा उक्त समस्या रहेको चिकित्सकले पत्ता लगाएका थिए ।

त्यसै बेलादेखि उनलाई उपचार गर्न चिकित्सकले सुझाएका थिए । यसअघि आफूमा भएको समस्या पत्ता लगाउन सदरमुकामस्थित मेची प्रादेशिक अस्पताल एक-दुई पटक गइन् । चिकित्सकले औषधी सेवन गर्दा ठिक हुन्छ भनेपछि ती महिलाले नियमित औषधी सेवन गर्न थालिन् ।

मंगलबार स्थानीय शिवसताक्षी ६ नं वडा कार्यालयद्वारा प्राथमिक स्वास्थ्य केन्द्रमा महिलामा हुने पाठेघर, सम्भावित स्तन क्यान्सर र मुटुको परीक्षणका लागि स्वास्थ्य शिविर आयोजना गरिएको थियो । सो शिविरमा उनै ७१ वर्षीया वृद्धा पनि आईन् । उनले स्वास्थ्यकर्मीलाई आफ्नो समस्या सुनाईन् र अघिल्ला रिपोर्ट पनि देखाईन् । चिकित्सकका अनुसार उनमा पाठेघरको क्यान्सर 'पोजेटिभ' देखियो । चिकित्सकले उनलाई तत्कालका लागि बिर्तामोडको पूर्वाञ्चल क्यान्सर अस्पतालमा रेफर गरे । ७१ वर्षिया वृद्धाको पहिचान गोप्य राखिएको छ ।

महिलामा पाठेघरको मुख र स्तनमा हुने क्यान्सरलाई न्यूनीकरण गर्ने प्रयास भइरहेका छन् । सहरी क्षेत्रमा बसोबास गर्नेको स्वास्थ्य सेवामा सहज पहुँच भएपनि ग्रामीण क्षेत्रका महिलाहरू यस विषयमा त्यति सचेत छैनन् । बिरामी परेपछि मात्रै स्वास्थ्य संस्थामा जाने प्रचलनले पनि महिलामा पाठेघर र स्तन क्यान्सर गहिरिइरहेको शिवसताक्षी नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष मनोज खुलाल कार्कीले बताए ।

आफ्ना वडाका महिलाको स्वास्थ्य परीक्षणका लागि वडाले स्वास्थ्य शिविर आयोजना गरेको हो । सो शिविरमा १६६ जना महिलाले चिकित्सकलाई आफ्नो समस्या देखाए र सुनाए । वडाका महिलामा हुन सक्ने स्तन र पाठेघरको क्यान्सर न्यूनीकरणका लागि शिविर संचालन भएको थियो । वडाका आमा, दिदी र बहिनीमा कुनै पनि बेला 'क्यान्सर पोजेटिभ' को अवस्था नआओस् भनेर पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोडको प्राविधिक सहयोगमा 'नि:शुल्क स्क्रिनिङ शिविर' राखेर पाठेघर र स्तन परीक्षण शिविर आयोजना गरिएको वडा कार्यालयले जनाएको छ ।

पूर्वाञ्चल क्यान्सर अस्पतालका डा. आलोक ठाकुर, डा. कृपेश आचार्य र डा. ऋचा गोइतले शिविरमा आएका महिलाको स्वास्थ्य परीक्षण गरेका थिए । शिविरमा 'भिआइए' विधिमार्फत पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको परीक्षण गरिएको थियो । यीमध्येका चार जनामा 'भिआइए पोजेटिभ' नतिजा आएको भन्दै क्यान्सरको सम्भावना हुनसक्ने भएकाले थप परीक्षणका लागि समन्वय गरिएको थियो ।


छ जनामा आङ खस्ने समस्या देखिएको छ । 'स्क्रिनिङ' गरिएकामध्ये कसैमा पनि स्तन क्यान्सरको शङ्कास्पद अवस्था नदेखिएको शिविर संयोजन गर्ने सम्पन्न सवल नेपालकी उपाध्यक्ष लिला सेलवालले बताईन् ।' भिआइए' विधिमा पाठेघरको मुखको मांसपेशीको कुनै नमुना निकालेर एसिटिक एसिडमा एक मिनेटसम्म राखेपछि क्यान्सरको शङ्का गर्न सकिने वा नसकिने भन्ने अवस्था टुङ्गो लाग्ने भएकाले 'स्क्रिनिङ' शिविरमा यसैका माध्यमबाट परीक्षण गरिएको उनले जानकारी दिईन् ।

शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले ग्रामीण क्षेत्रमा रहेका धेरै महिला थाहै नपाइ पाठेघरको मुख र स्तन क्यान्सरबाट पीडित भएको हुनसक्ने जोखिम रहेको बताइन् । ग्रामीण क्षेत्रमा यस्ता परीक्षण गर्न सक्ने दक्ष जनशक्ति र उपकरण नहुने भएकाले राज्यले ग्रामीण क्षेत्रका नागरिकलाई पहिलो प्राथमिकतामा राखेर योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिइन् ।

# अरिदमन गणमा एकदिने स्वास्थ्य शिविर

झापा(प्रस)। नेपाली सेनाको चारआलीस्थित अरिदमन गणमा एकदिने स्वास्थ्य शिविर बुधवार सम्पन्न भएको छ ।

मेची आँखा अस्पताल सैनिकमोडको प्राविधिक सहयोगमा सेनाका अधिकृत र जवानहरुको आँखा जाँच गरिएको हो । मेची आँखा अस्पतालका युवराज बोहोरा , कविता कार्कीलगायतका स्वास्थ्यकर्मीहरुले आँखा जाँच गरेका थिए । त्यस्तै झापाका वरिष्ठ नाक, कान , घाँटी रोग विशेषज्ञ डा. रणधीर राजवंशीले नाक, कान , घाँटीसम्बन्धी स्वास्थ्य जाँच गरेका थिए । आँखामा २१२ र नाक , कान , घाँटीमा ३० जना गरी २४२ जनालाई स्वास्थ्य जाँच गरिएको गणका गणपति प्राजु बस्न्यातले जानकारी दिए । उनले यस किसिमको सहकार्यमा नेपाली सेनाले निकट भविष्यमा दुर्गम स्थानहरुको पहिचान गरी नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्न लागेको बताए ।










## बिर्तामोड..

बालबालिकालाई १५ महिनाभित्र पाउनुपर्ने सबै खोप लगाइसकेको सुनिश्चिततासहित पूर्ण खोप पालिका घोषणा गरिएको हो ।

राष्ट्रिय खोप तालिका अनुसार २०८१ असार १७ गतेसम्ममा ८ हजार २ सय ५१ जना बालबालिकालाई सबै प्रकारका खोपहरु लगाईएको स्वास्थ्य शाखाले जनाएको छ ।

तथ्याङ्क अनुसार खोप लगाउन छुटेका ५२ जनालाई खोजेर लगाएको स्वास्थ्य शाखाका सिनियर अहेब अधिकृत दीपक सापकोटाले जानकारी दिए । पालिकाका १० वटै वडाका बालबालिकाले पूर्णरुपमा खोप पाएको सुनिश्चित भएपछि पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख राजिवकृष्ण विष्टले बताए ।

स्वास्थ्य शाखाद्वारा आयोजित पूर्ण खोप सुनिश्चित पालिका घोषणा प्रतिबद्धतापत्रमा नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडालगायत वडाध्यक्षलगायत जनप्रतिनिधि तथा कर्मचारीहरुले हस्ताक्षर गरेका छन् ।

बिर्तामोड नगरपालिकाले यसअघि धर्म, जातजाति, जनसंख्या र स्वास्थ्य क्षेत्रको सम्पूर्ण तथ्यांकसहितको 'स्वास्थ्य पार्श्वचित्र' पुस्तक समेत सार्वजनिक गरेको छ ।

"समुदायमा आधारित पारदर्शी, सवल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"

र.न. ३/१/७(७८)०५३/५४ श्री पान नं. ३०२०६०६४३

**सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**Satashi Multipurpose Cooperative Society Ltd.**

Grow With Us

प्रधान कार्यलय :- बिर्तामोड-५, झापा

सम्पर्क नं. : ०२३- ५४५२८७ ई-मेल : satashi87@gmail.com वेवसाइट : satashi.coop.np

## धितो लिलामी डाक बढाबढ सम्बन्धी १५ दिने सूचना !!!

सुचना प्रकाशन मिति २०८१।०३।२०

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट, लिखित पत्र तथा पत्रिकामार्फत ताकेता गर्दा समेत बेवास्ता गरेको साथै मिति २०८१ साल जेठ ०८ गतेका दिन धितो लिलामीसम्बन्धी ३५ दिने सूचना प्रतिदिन राष्ट्रिय दैनिकबाट प्रकाशन भएको र सोको समेत बेवास्ता भएको हुनाले सहकारी ऐन २०७४, संस्थाको स्वीकृत विनियम २०५३(संशोधन २०७६),सहकारी मापदण्ड २०७८ र कर्जा लगानी तथा असुली नीति २०६९ ( संशोधन २०८०) समेतलाई आधार मानी मिति २०८१ असार १३ गते बसेको ऋण उपसमितिको बैठकको निर्णय बमोजिम मिति २०८१ साउन ०४ गते शुक्रबार दिनको ११ बजे संस्थाको प्रधान कार्यालय विर्तामोडमा डाक बढाबढ प्रकृयाबाट धितो लिलामी प्रकृया हुने सबैमा सूचित गरिन्छ । धितो लेखिदिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनुहुन सूचित गरिन्छ । उक्त दिन सम्बन्धित जग्गाधनी र ऋणीलाई समेत उपस्थितिका लागि अनुरोध गरिन्छ तर निजहरु अनुपस्थित भएमा लिलामी प्रकृयामा बाधा पुगेको मानिने छैन ।

तपशिल

| क्र.स | ऋणीको बिवरण | जग्गाको बिवरण |
|---|---|---|
| १ | नाम : बेनु प्रसाद बिमली ठेगाना : कनकाई-०५<br>बाबुको नाम : भगीरथ बिमली बाजेको नाम : कपिलमणि बिमली<br>श्रीमतीको नाम : टिका देवी बिमली | जग्गाधनीको नाम : बेनु प्रसाद बिमली<br>जग्गाको साबिक ठेगाना : सुरुङ्गा : ०२<br>कित्ता नं. : २७१३, २७२१ क्षेत्रफल : २३८७.३४, १६२५.४० व.मि. |
| २ | नाम : मधु कुमारी अधिकारी ठेगाना : मेचीनगर-११<br>बाबुको नाम : कृष्ण प्रकाश लिम्बु बाजेको नाम : छत्र बहादुर लिम्बु<br>श्रीमानको नाम : कृष्ण प्रसाद अधिकारी | जग्गाधनीको नाम : कृष्ण प्रसाद अधिकारी<br>जग्गाको साबिक ठेगाना : धाइजन-०९<br>कित्ता नं. : ८६४ क्षेत्रफल : १८६.२३ व.मि. |
| ३ | नाम : दिलिप गिरी ठेगाना : अर्जुनधारा-०८<br>बाबुको नाम : प्रेम प्रसाद गिरी बाजेको नाम : लक्ष्मी प्रसाद गिरी<br>श्रीमतीको नाम : सलिजा लिम्बु सुब्बा | जग्गाधनीको नाम : दिलिप गिरी<br>जग्गाको साबिक ठेगाना : पथ्वीनगर-०८<br>कित्ता नं. : ५९०, ५८९ क्षेत्रफल : ३९७.७४, ४५ व.मि. |

**पुनश्च:** १) धितो सदर गर्नेले धितो हाल जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा स्वीकार गर्नुपर्नेछ ।
२) धितो लिलाम बिक्री प्रक्रिया खुल्ला डाक बढाबढका आधारमा गरिने छ ।
३) डाक बढाबढमा कायम हुन आएको रकममा डाक सदर गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
४) यदि धितो लिलामी प्रक्रियामा डाक पेश वा सदर हुन नसकेमा संस्थाले आफै उक्त धितो सकार गरी आफ्ना नाममा नामसारी गरिलिने छ ।
५) धितो लिलामी हुने दिनसम्म कर्जा तिरी बुझाई धितो उकास्न पाउने अधिकार सम्बन्धित ऋणी तथा जमानत कर्तामा रहेको छ ।

Grow with us

प्रबन्धक
सन्तोषकुमार श्रेष्ठ




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकारी विद्यालय खस्कियो

राष्ट्रिय परीक्षा बोर्डले बिहीवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को नतिजाअनुसार आधाभन्दा कम अर्थात् ४७.८६ प्रतिशत परीक्षार्थीमात्र 'उत्तीर्ण'भएका छन् ।

परीक्षाको मूल्याङ्कन विधिमा परिवर्तन गरेजस्तै पढाइको गुणस्तर सुधार गर्नमा ध्यान दिइएको भने कक्षा १० का आधाभन्दा बढी करिब ५२ प्रतिशत विद्यार्थी कक्षा ११ मा पढ्न 'अयोग्य' हुनेथिएनन् । विगत १० वर्षमा एकातिर विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याइयो भने मूल्याङ्कनको आधारमा कहिले अङ्क, अहिले अक्षर र यसपटक दुवैको प्रयोग गरियो । वास्तवमा विद्यालय शिक्षालाई १२ कक्षासम्म विस्तार गरिसकेपछि १० कक्षाको परीक्षा (एसईई)लाई यसरी हाउगुजी बनाउनुपर्ने थिएन। तर, परीक्षा सञ्चालनको तामझाम, खर्चपर्च र कमिसनको उठतीपुठतीले हो कि सरकारी अधिकारीहरूले भने एसईई परीक्षालाई 'फलामे ढोका' बनाइराखेकै छन् । यही चलखेलमा बिचरा विद्यार्थी र अभिभावकलाई रनभुल्लमा पारिएको हुन्छ ।

यस वर्षको नतिजाले पनि 'राजकीय समाजवादी'हरूको टाउको थप दुखाउने देखिन्छ । राज्यले जिम्मा लिएको सरकारी विद्यालयका तुलनामा 'शिक्षाको व्यापार' गर्ने निजी क्षेत्रबाट सञ्चालित विद्यालयको परीक्षाफल उत्कृष्ठ रहेकोछ । कक्षा ११ मा पढ्न अयोग्य ठानिएकामध्ये ८८ प्रतिशतभन्दा बढी विद्यार्थी सरकारी विद्यालयका रहेका छन् ।

विद्यार्थीलाई विनाअवरोध अगाडि बढ्ने गर्ने मौका दिनुभन्दा अयोग्य भनेर पन्छाउनु उपयुक्त ठान्ने अनुदार मानसिकता अहिलेको शिक्षा प्रणालीमा पनि कायमै रहेको देखियो । कक्षा १० मा राम्रो अङ्क ल्याउन नसक्ने विद्यार्थीले ११ वा १२ मा उत्कृष्ट नतिजा ल्याउन सक्छ । राम्ररी पढाउन सके कुनै विद्यार्थी पनि अनुत्तीर्ण हुँदैन ।

यस्तै, कक्षा १० को परीक्षालाई हाउगुजी बनाइरहँदा उनीहरूसँगै १० वर्षअगाडि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये पछाडि नै छाडिएलाई पनि राज्यले नबिर्सोस् । कक्षा १२ सम्म पढ्न पाउने हक त संविधानले नै सुनिश्चित गरेको छ । सकेसम्म कुनै बालबालिका पछाडि नछुट्ने सरकारले सुनिश्चित् गरोस् । अगाडि पढ्न नसक्ने वा नचाहनेका लागि प्राविधिक/व्यावसायिक शिक्षाको अवसर सुलभ बनाउनुपर्छ । यसैले सरकारी विद्यालयको पठनपाठनमा सुधारमा सरकारले ध्यान केन्द्रित गरोस् । शिक्षा प्रणालीमा हचुवामा प्रयोग गरिरहँदा अहिलेकोजस्तो यता न उताको अवस्थामा पुगिँदो रहेछ । सँगै निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई पनि तिनले गरेको योगदानका लागि राज्यले प्रोत्साहन दिनुपर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रशासनमा युगबोध



• गोपीनाथ मैनाली

हिजोआज निजामती प्रशासनका विषयमा प्रश्नहरू लगातार ओइरिएका छन् । कर्मचारीको आचारण र व्यावसायिकतामाथि अनुमान नै नगरिएका प्रश्न उठिरहेका छन् । कर्मचारीले माया पाउने वा आलोचना खाने विषय उसको काम हो । कामभन्दा पर न उसको नाम छ, न पहिचान नै । निजामती कर्मचारीबाट सर्वसाधारणले धेरै कुराको अपेक्षा गरेका छन् । ऊ सधैँ उपलब्ध होस्, पेसागत व्यावसायिकतामा रहोस्, निष्पक्ष होस्, सदाचारी होस् र विविधता संवोधी होस् भन्ने आमचाहना उसमाथि छ । निजामती प्रशासन समाजको सबैभन्दा जीवन्त संस्था भएकाले उसप्रति यति धेरै अपेक्षा गरिएको हो । अपेक्षा आफ्नै मानिससँग हुन्छ, अपेक्षा पूरा नहुँदा आलोचना पनि उसैको हुन्छ ।

विश्वभरि नै निजामती सेवाको प्रभावकारितामा स्खलन आएको छ । निजामती प्रशासनको व्यावसायिक इमानदारीमा कुनै पनि मुलुकको शासन र विकासको स्तर निर्धारण हुन्छ । भन्ने गरिन्छ प्रशासनले अनुमति दिएभन्दा बढी मुलुकको विकास हुँदैन । लोकतान्त्रिक मुलुकहरू निजामती सेवाको प्रभावकारिता विकासका लागि निरन्तर प्रयत्न गरिरहेका छन् । निजामती सेवाको प्रभावकारिता मापनका लागि अक्सफोर्ड विश्वविद्यालय र इन्स्टिच्युट अफ गभर्नमेन्टले प्रचलनमा ल्याएको 'इन्साइज इन्डेक्स' मा क्यानडा, बेलायत, न्युजिल्यान्ड आदि देशको स्तर माथि रहँदै आएको छ । इन्साइजका मानकमा नीति निर्माण, वित्त र वित्तीय व्यवस्थापन, नियमन, जोखिम व्यवस्थापन, कर परिचालन, सामाजिक सेवा, खुलापन, सक्षमता, सदाचार, सूचना प्रविधि उपयोग र समावेशी व्यवहारलाई लिने गरिएको छ । यी सूचकको एकीकृत जोड (कम्पोजिट भ्यालु) १ मा ०.६ भन्दा कम स्तरका मुलुकका निजामती सेवाले सुधारको माग गरिरहेको हुन्छ, जति स्तर कम भयो त्यति आक्रामक सुधार चाहिन्छ भन्ने बुझिन्छ तर जुन मुलुकको स्तर कम छ, त्यहाँ नै सुधारको क्षमता र तत्परता कम हुन्छ । नेपाल इन्साइज सर्वेक्षणमा समावेश नभए पनि यसमा रहेका सूचकका अन्य अन्तर्राष्ट्रिय प्रतिवेदनहरू जस्तो कि भ्रष्टाचार अनुभूति, सदाचारिता, सुशासन, सूचना प्रविधि सूचकहरूका आधारमा नेपालको स्तर न्यून छ । नेपालका आन्तरिक प्रतिवेदन र सेवाग्राहीको पृष्ठपोषणले पनि निजामती सेवामा ठुलो परिवर्तन (सुधार मात्र होइन) को आवश्यकता देखाएको छ । निजामती सेवाभित्र व्यावसायिक क्षमता भए पनि त्यसको उपयोग संस्थामा नभएको र सदाचारिताको स्तर गिर्दै गएको अनुभूति पछिल्ला दिनमा गरिएको छ । यसले निजामती सेवाको तत्काल पुनर्बोधको आवश्यकता देखाएको छ ।

निजामती सेवा शासन व्यवस्थाको मियो हो । यसको उपस्थितिबिना राज्य व्यवस्थाले गति नै पाउँदैन । संविधानका अक्षर क्रियाशील गराउने काम यसैबाट हुने भएकाले निजामती सेवालाई जीवित संविधान पनि भन्ने गरिन्छ । यसले सम्मति दिएर नै कानुनका अक्षर, योजनाका लक्ष्य र सर्वसाधारणका आवश्यकताले कार्य रूप पाउँछन् । प्रशासन क्रियाशील हुँदा नागरिक भावना परिचालित भएको अनुभूति हुनु पर्छ । त्यसैले कर्मचारीको भर्ना छनोट, क्षमता विकास र वृत्ति पद्धतिलाई अति नै ध्यान दिइन्छ । कर्मचारी वृत्ति सेवामा प्रवेश गर्छ र राष्ट्रसेवाको जिम्मेवारीमा रहन्छ । राष्ट्रसेवा नगर्ने वृत्ति सेवक हुँदैन भन्ने मान्यता राखिन्छ । राष्ट्रसेवा नगर्ने कर्मचारी वा जागिरेले लिन्छ मात्र दिँदैन भन्ने गरिन्छ । प्राचीन भारतमा यस्तो कर्मचारीतन्त्रप्रति व्यङ्ग्य गर्दै कविहरूले भन्ने गरेका थिए- बहुत ज्यादा लिया, दिया बहुत कम; मर गया देश अरे जीवीत रहेगे तुम् ।' यो तत्कालीन सामन्ती शासनको उपज थियो तर आज पनि निजामती सेवा अनुभूत तहको सेवा दिन सकेको छैन, सक्षम भइकन इमानदार छैन । अलग सामाजिक वर्गको सदस्य हुँ भन्ने भावनामा छ । परिवेशमा आएका चुनौतीलाई सम्बोधन गर्न, आफ्ना कमीकमजोरीप्रति उदार बनेर सच्चिन र सधैँ सिकिरहने संस्था बन्न तयार भएको छैन । कामबाट आफूप्रति उठेको प्रश्नको जवाफ दिने प्रवृत्तिमा छैन । राजनीतिक कार्यकारीलाई व्यावसायिक क्षमताबाट चित्त बुझाउन सकेको छैन । त्यसैले समाजले चाहेको, समयले मागेको र सेवाग्राहीले विश्वास गरेको निजामती सेवा निर्माण हुन सकेन । हिजोको पुस्ता र नेतृत्व त कमजोर थियो थियो, अहिले चेतना र 'एक्स्पोजर' पाएको, प्रविधिले औधी सघाएको निजामती सेवा यो वा त्यो बहानामा रहनु हुँदैन । युगबोध, अन्तरचेत र नागरिक दायित्वले निजामती सेवा कर्तव्यको स्वचालित संस्था बन्नु पर्छ ।

आधुनिक राज्य प्रणाली व्यक्तिबाट नभई विधि र व्यावसायिकताबाट सञ्चालित हुन्छ । निजामती सेवा त्यसको मियो हो । यसले समाजले सम्मति दिए अनुरूप व्यवहार गर्नु पर्छ, ऊ विवेकशील हुनु पर्छ । वाक् संयमतामा रहनु पर्छ । आस्था र आग्रहमा बाँडिनु हुन्न । इमानदारी उसको मूल्य हो । सेवा उसको आदर्श हो । असल राज्यको जीवित संयन्त्र भएकाले घर घरमा न्याय दिन अग्रसर हुनु पर्छ । आदर्श, आस्था र आचरणमा नरहने व्यक्ति निजामती कर्मचारी बन्न सक्दैन । निजामती कर्मचारीलाई मानमर्दन गर्ने राजनीतिले यसको अभिभावकत्व लिन सक्दैन र निजामती कर्मचारीबाट असंलग्न नागरिक दैनिकी बन्न सक्दैन । राजनीति र निजामती प्रशासन अन्तरआबद्धतामा सेवग्राही नागरिक रहन्छन् । कर्मचारीले समाजको संस्कृति बोकेर निजामती सवामा प्रवेश गर्छ । राजनीतिले समाज सुधारको नेतृत्व लिने वाचा गरेर राज गर्छ । साठीको दशकमा फ्रेडरिक रिग्सले प्रतिपादन गरेको प्रशासनको पर्यावरण सिद्धान्तले प्रशासन समग्र प्रणाली प्रशासनिक इकोसिस्टममा बदलिएको छ र यसका पात्रको अन्तक्रिया प्रवृत्ति निकै गतिवान् भएका छन् । त्यसैले बहुसिपयुक्त र सधैँ अग्रसरतामा रहने कर्मचारी आहिले चाहिएको छ ।

७० को दशकबाट प्रशासनिक अग्रसरताको माग बढ्दै आयो । सानो, छरितो र प्रभावकारी सरकार बनाउने अभियान निरन्तर छ । ९० को दशकको सेवा वडापत्रले एक प्रकारको तरङ्ग नै ल्यायो । यसले सेवाग्राहीको अधिकार र सेवाप्रदाताको दायित्वलाई जनस्तरमा पुऱ्यायो । यसै समयबाट सेवा मात्र दिएर नपुग्ने भयो, सेवाग्राहीप्रति विनम्र व्यवहारले मन जित्नुपर्ने आचरणको माग भयो । कर्मचारी नतिजाप्रति जवाफदेही भएर नपुग्ने भयो । सेवा व्यवहार पनि सर्वसाधारणको मन जित्ने हुनु पर्छ भन्ने निष्कर्ष निकालियो । नेपाललगायतका मुलुकले पनि संरचना परिवर्तनको अभियान नै चलाए तर कर्मचारीतन्त्रको स्वभाव परिवर्तनको कार्यसूची बाँकी रह्यो । स्वभाव परिवर्तन नभए त्यसले कसरी सेवा दिन सक्थ्यो ? अग्रसरता कसरी लिन सक्थ्यो ? त्यसैले प्रशासनिक कार्यप्रक्रियामा सेवाग्राही संलग्नता, नागरिक विवेचना पद्धति र एजेन्सीकरणका विधि प्रचलनमा ल्याइए । क्यानडा, बेलायत र न्युजिल्यान्ड आदि देश यही अवधारणामा प्रभावकारी भएका हुन् तर नेपाललगायतका मुलुकमा अझ पनि प्रशासन जनतामा पुगेन । जनताको भावना र संवेग बुझ्न सकेन । सुधार र परिवर्तनलाई अन्तरबोध गरिएन । राजनीतिक कार्यकारी न प्रशासनलाई मार्गदर्शन गर्न सक्षम रह्यो न प्रशासनका आर्जित स्वायत्तता र मूल्य आदर्शप्रति संवेदनशील रह्यो । परिणामतः निजामती सेवा निजामती सेवा जस्तो भएन ।

फेरि पनि कसैलाई आरोप लगाएर समय खेर फालियो भने न प्रशासन न राजनीति दुवैले नैतिक जिम्मेवारी लिएको मानिँदैन । आरोप असक्षमको काम हो, जो अहिलेसम्म हुँदै आयो । मुलुक रूपान्तरणको सही भूमिकाका लागि दुवै वर्गले इमानदार कठोरतामा रहनै पर्छ । प्रशासनिक औपचारिकता र राजनीतिक कारणले ऊर्जा भरिएका युवा मुलुकमा आशा देख्न छाडिसकेका छन् । यहाँ बसेर के गर्ने भन्ने कुण्ठा तोड्न पनि आफ्नो कमजोरीको शल्यक्रिया गर्नु परेको छ । सार्वजनिक पदले जिम्मेवारी बोकेका हुन्छ र त्यसलाई कार्य रूप दिने तत्परता मागेको हुन्छ । नागरिक सेवा दिने क्रममा अरूभन्दा आफू उम्दा, हिजोभन्दा आज उम्दा नभए त्यो विकासको सिद्धान्तमा नै बाधक हो । प्रशासनिक स्टार्टअपको अवधारणा विश्वभरि नै फैलिएको छ, जसबाट नेपालको निजामती सेवा अञ्जान छैन । क्षमता विकासका आफ्नै र संस्थागत अवसरहरूले अमूक कर्मचारीलाई सदाचारिताको द्योतक, जनताको कर्मचारी, सुधारको उदाहरण र समर्पणको प्रतीक बनाउन सकिन्छ । प्रशासनिक नेतृत्व यसका लागि पहिलो उदाहरण बन्नु पर्छ, लुते होइन । एक पटक राष्ट्रप्रति बिल क्लिन्टनले भनेका थिए, "मलाई हुन्छ भन्ने मात्र होइन, हुन्न भन्न सक्ने ल्याकतको कर्मचारी चाहिएको छ' । हुन्छ भन्न टाउको हल्लाए भइहाल्यो, हुन्न भन्न त सोचविचार गर्नु पर्छ । त्यसो गर्न निजामती सेवा सद्गुणहरूको सङ्गम हो । किनकि ऊ योग्यता प्रणालीबाट छानिएको, योग्यता प्रणालीमा नै जीवनभर प्रशासित भएर वृत्तिसेवा साथ राष्ट्रसेवामा रहने अवसरमा छ ।

# सहकारीको मर्म



• शंकरप्रसाद गौतम




सहकारी भन्ना साथ अनियमित गर्ने संस्था भन्ने भाष्य स्थापित गर्न खोजिँदै छ, जसले गर्दा वर्षौंदेखि आफ्नो पसिना बगाएर सहकारी आन्दोलनमा लागेका सहकारीकर्मी निराश छन् । यो सिद्धान्त गलत थियो भने १८४४ मा बेलायतका रोच्डेल समूहका श्रमिकले भण्डारणका लागि स्थापना गरेको सहकारी संस्था आज १८० वर्षसम्म निरन्तर चल्ने थियो त ? बेलायतले सहकारी स्थापना भएको आठ वर्षपछि अर्थात् १८५२ मा कानुन बनायो । यसपछि सहकारीले विश्वमै मान्यता पायो र सहकारी आन्दोलन अगाडि बढ्यो । खास गरी समाजवादी आर्थिक प्रणाली अवलम्बन गरेका देशले सहकारीलाई मान्यता दिए र अर्थतन्त्रको आधार सहकारी बनाए । विकसित देश अमेरिका, जापान, क्यानडा आदिले पनि सहकारीलाई मान्याता दिएका छन् । सहकारी तरकारीमा आलु जस्तो हो, अर्थतन्त्रको जुनसुकै प्रणाली अपनाएका देशमा पनि फिट देखिएका छन् । बेलायतपछि जर्मनी, डेनमार्क, चीन र भारतमा सहकारी स्थापना भए । हाल विश्वका प्रायः देशमा कुनै न कुनै रूपमा सहकारी संस्था छन् र राष्ट्र निर्माणमा योगदान पुऱ्याएका छन् । अहिले विश्व रोजगारीमा करिब १० प्रतिशत योगदान सहकारीको रहेको अनुमान छ ।

नेपालमा सहकारी भावना परापूर्वकालदेखि चलि आएको देख्न सुन्न पाइन्छ । गुठी, पैंचो, पर्म, धर्म भकारी, ढुकुटी जस्ता सहकारी भावनाका उदाहरण हुन् । औपचारिक रूपमा भने २०१० सालमा सहकारी विभागको स्थापना र नेपाल सहकारी समिति ऐन, २०११ जारीपश्चात् चितवनको शारदा नगरमा २०१३ साल चैत २० गतेदेखि 'बखान ऋण सहकारी संस्था' स्थापना भई सञ्चालनमा आयो, जुन नेपालकै पहिलो सहकारी संस्था हो । त्यसपछि सहकारी संस्था ऐन, २०१६, सहकारी संस्था नियम, २०१८ जारी भए तर यस अवधिमा सहकारीले खासै उपलब्धि गर्न सकेनन् । २०४६ सालको जनआन्दोलनपछि सहकारी ऐन, २०४८ र सहकारी नियमावली २०४९ जारी भएपश्चात् व्यापक रूपमा सहकारी खुले र सहकारीले अर्थतन्त्रमा योगदान पुऱ्याउन थाल्यो । सरकारको तीन खम्बे अर्थनीतिमा एक खम्बा सहकारी भएको घोषणा गरियो । नेपालको संविधान जारी भएपश्चात् सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ जारी भयो । यसमा खास गरी सहकारी तीन तहको कार्यक्षेत्रभित्र राखेपछि कार्यान्वयनमा विविधता आयो । अन्तर्राष्ट्रिय सिद्धान्तमा आधारित सहकारीको व्याख्या प्रत्येक पालिकाले गर्दै जान थाले । यसरी पालिकापिच्छे सहकारीको व्याख्या गर्दै जाने हो भने सहकारी कहाँ पुग्ला ? जसले सहकारीलाई अपव्याख्या गर्न मार्ग प्रशस्त गरेका छन् । यसैको अवसर छोपी दुई/चार वटा सहकारीका सञ्चालकका महत्वाकांक्षाले सहकारीलाई बदनाम गर्न मौका मिल्यो ।

सहकारी सुझाव सुधार कार्यदलको प्रतिवेदन, २०८० अनुसार नेपालमा ३१ हजार ३७३ वटा सहकारी रहेका छन् । उक्त सहकारी संस्थाहरूमा ७३ लाख एक हजार २१८ जना सेयर सदस्य रहेका छन् । सहकारीको सेयर पुँजी ९४ अर्ब १५ करोड रुपियाँ, बचत परिचालन रकम चार खर्ब तीन करोड रुपियाँ,

ऋण लगानी चार खर्ब २६ अर्ब ३५ करोड रुपियाँ र प्रत्यक्ष रोजगारी ९३ हजार ७७१ तथा लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको उल्लेख गरिएको छ । साथै सहकारी क्षेत्रमा महिलाको संख्या उलेख्य रहेको र नेतृत्व विकास र उद्यमशीलता विकासमा पनि यस क्षेत्रको योगदान उच्च रहेको उल्लेख गरिएको छ ।

माथिको तथ्याङ्क हेर्दा सहकारी बचत परिचालनको रकम चार खर्ब तीन करोड रुपियाँ छ भने नेपालको आर्थिक वर्ष २०८१/८२ को कुल बजेट १८ खर्ब ६० अर्ब ६० करोड रुपियाँ रहेको छ । यसरी एक आवको बजेटको करिब २१.५ प्रतिशत रकम सहकारीको रहेको पाइन्छ । यसरी नेपालको अर्थतन्त्रमा सहकारी ठुलो योगदान रहेको छ । बजेट र रोजगारीको मात्र तुलना गर्दा सहकारीको ठुलो योगदान छ । नेपाल सरकारले तीनखम्बे अर्थनीति अपनाएको धेरै भयो तर यस क्षेत्रलाई हेर्ने सरकारको साँघुरो दृष्टिकोण छ । सहकारीलाई तीनै तहको कार्यक्षेत्र तोकिनु सहकारी अनुगमन, निरीक्षणमा पनि कमी आउनु जस्ता कारणले पनि केही सहकारीमा रकम अपचलन हुन पुगेको हो । निरन्तर सहकारी आन्दोलनमा लाग्ने सहकारीकर्मीबाट सहकारीको महत्व र आवश्यकतालाई जीवित राखेका छन् । सरकारले यो कुराको प्रचारप्रसार गर्न सक्नु पर्छ ।

'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावना अनुसार सहकारी स्थापना गरिएको हुन्छ । यसका आफ्नै सिद्धान्त र मूल्य मान्यता छन् । समाजमा एकआपसमा मिलेर काम गर्ने परिपाटी सहकारी हो । माथि नै उल्लेख गरिएको छ सहकारी नेपाली संस्कृति र परम्परासँग पनि मेल खाने सिद्धान्त हो । यसमा समुदायका व्यक्ति सङ्गठित भई सदस्यको हितका लागि कार्य गर्छन् । प्राविधिक रूपमा यो एउटा व्यावसायिक कौशल पनि हो । व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानका लागि गरिने यो एकीकृत प्रयास पनि हो । सहकारीले छरिएर रहेको श्रम, सिप, प्रविधि र पुँजीलाई एकत्रित गर्छ । संयुक्त परिवारको प्रचलनमा कमी र धेरै विदेश जाने प्रवृत्ति भित्रिँदा हाम्रो जस्तो देशमा सहकारीको आवश्यकता झन् बढेको छ ।

नेपालमा सहकारी सुधार गर्न धेरै आयोग बने । ती आयोगले प्रतिवेदन पनि पेस गरे तर ती प्रतिवेदन कार्यान्वयन नहुँदा सहकारीमा सुधार हुन सकेन । तैपनि अधिकांश सहकारी आफ्ना सिद्धान्त र मूल्यमान्यतामा अडिग छन् । सदस्यहरूको माया ममता पाइरहेका छन् । राम्रैसँग सञ्चालन पनि भइरहेका छन् । वित्त, उद्योग, व्यापार बढाएका छन् ।

सहकारीलाई केन्द्रीय निकायअन्तर्गत मात्र राखिनु पर्छ । राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने भएकाले सहकारीका लागि छुट्टै मन्त्रालय हुनु पर्छ । सहकारी महत्वपूर्ण मन्त्रालय हो भन्ने कुरा सरकारको व्यवहारबाट देखिनु पर्छ । कृषि र उद्यमशीलता कार्यक्रम सहकारीमार्फत चलाउँदा प्रभावकारी हुन्छ । सरकारको नीति कार्यक्रम जनताको घरदैलोमा छिटो र छरितो पुऱ्याउन सहज हुन्छ । किनकि नेपालमा एक जना पनि सहकारी सदस्य नभएको घर बिरलै होला ? सहकारीलाई संकुचन होइन, व्यापक बनाउनु पर्छ । सरोकारवालाले चासो देखाउन र प्राथमिकतामा राख्न आवश्यक छ ।

## संखुवासभामा बाढीपहिरोबाट ४३ परिवार विस्थापित



झापा(प्रस) । संखुवासभामा मनसुनी वर्षा सुरु भएयता हालसम्म बाढीपहिरोका कारण ४३ परिवार विस्थापित भएका छन्। बाढीपहिरोबाट २० गोठ भत्किएका छन्।

मनसुनजन्य प्रकोपबाट दुई जनाको मृत्यु हुनुका साथै ६ जना घाइते भएका छन्। सो अवधिमा बाढीपहिरोबाट ६ मोटरेवल पुलमा क्षति पुगेको छ। विस्थापितहरु आफन्तकहाँ आश्रय लिएर बसेका छन्। पहिरोले कोशी राजमार्गअन्तर्गतका र ग्रामीण क्षेत्रका सडकका साथै विद्युत् आयोजनामा क्षति पुगेको प्रमुख जिल्ला अधिकारी धुव्रबहादुर खड्काले जानकारी दिए।

बाढीपहिरोबाट मकालु गाउँपालिका-२ सागसेवा र मूलगाउँमा २४ परिवार विस्थापित भएका छन्। बाढीपहिरोले खाँदबारी नगरपालिकामा खानेपानीको मुहान र विद्युत् पोलमा क्षति पुगेको छ। बाढीपहिरोका कारण अन्नबाली लगाएको ठाउँ बगरमा परिणत भएको छ। जिल्लास्थित तीनवटै सुरक्षा निकायलाई खोज तथा उद्धार कार्यका लागि तयारी अवस्थामा राखिएको प्रजिअ खड्काले बताए।

# मेचीनगरका ३५ हजार पशुलाई खोप

लक्ष्मी उप्रेती

मेचीनगर । पशुपंछीमा लाग्नसक्ने महामारीजन्य रोग रोकथामका लागि मेचीनगर नगरपालिकाले निःशुल्क खोप अभियान सम्पन्न गरेको छ । विभिन्न रोगविरुद्ध ३५ हजार डोज भ्याक्सिन नगरपालिकामा उपलब्ध भएको थियो । पशु सेवा शाखाका र अन्य प्राविधिकसहितको टोलीले नगरका १५ वटै वडामा पुगेर खोप सञ्चालन गरेको नगरपालिकाले जनाएको छ । टोलीमा ११ जना रहेका थिए । पशु सेवा शाखाका प्रमुख छत्रबहादुर राईले माघको पहिलो साताबाट शुरु खोप अभियान जेठ अन्त्यसम्म चलेको बताए । खसीबाखामा लाग्ने पीपीआर, गाईभैसीमा लाग्ने खोरेत (फुट एन्ड माउथ डिजिज-एफएमडी) तथा सुंगुर बंगुरमा लाग्ने स्वाईन फिवर रोग नियन्त्रणका लागि प्रत्येक वडाका किसानको घर गोठमा पुगेर सेवा दिएको उनले बताए । यो अवधिमा नगरका ३५ हजार पशुहरुलाई खोप सेवा प्रदान गरिएको जनाईएको छ ।



यो अवधिमा खसीबाखामा लाग्ने रोग पीपीआरविरुद्धको खोप १५ हजार, खोरेत रोग नियन्त्रणका लागि १५ हजार र स्वाईन फिवर रोग नियन्त्रणका लागि ५ हजार खोप लगाईएको छ । अभियानमा खोप लगाउन मात्र नभई किसानलाई खोप र रोगको बारेमा प्राविधिकहरुले जानकारी समेत गराएको पशु प्राविधिक राईको भनाई छ । नगरपालिकाभित्रका किसानका पशुलाई सुरक्षित राख्न गर्नुपर्ने जस्तोसुकै सहयोग गर्न नगरपालिका तयार रहेको नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले जानकारी दिए ।

खुर फाटेका पशुवस्तुलाई मात्रै लाग्ने खोरेत रोगले साना पशुवस्तुको मृत्युदर उच्च हुने र ठूला पशुवस्तुको दूध उत्पादन ठप्प हुने भएपनि मानिसलाई यो रोग नसर्ने पशु चिकित्सक जयराम मण्डलको भनाई छ । खोरेत रोगमा पशुसँग प्रत्यक्ष सम्पर्क र पशुजन्य पदार्थहरु दूध र मासु सेवन गर्दा वा अन्य कुनै माध्यमवाट मानिसमा सर्ने र मानिसवाट पशुमा सर्न सक्ने 'जुनोटिक' रोग नभएको बताउँदैं चिकित्सक मण्डलले यसैले मानव स्वास्थ्यको दृष्टिकोणले यो रोगमा आत्तिहाल्नु पर्ने अवस्था नरहेको तर, पशुवस्तुको उत्पादन र क्षति रोक्नका लागि किसानलाई ६-६ महिनामा खोरेतविरुद्धको खोप लगाउन सुझाव दिए । नेपाललाई खोरेत रोगमुक्त बनाउने अभियान शुरु भएसँगै मेचीनगरले आफ्ना वडाका हरेक किसानका घर गोठमा पुगेर चौपायाहरुमा खोप लगाइदिने गरेको उपप्रमुख मीना पोखेल उप्रेतीले बताइन् । नगरपालिकाभित्रका चौपायालाई विभिन्न रोगबाट सुरक्षित राख्न स्थानीय सरकारले कुनै कसर बाँकी नराख्ने उनको भनाई छ ।सन् २०३० सम्ममा खोरेतमुक्त मुलुक घोषणा गर्ने उद्धेश्यसहित राष्ट्रिय पशु रोग खोप कार्यक्रम सञ्चालन भइरहेको छ । 'खोरेत रोगग्रस्त पशुवस्तुहरुको उपचार र रोग देखा परेका आसपासमा रोग फैलन सक्ने सम्भाव्य क्षेत्रमा खोरेतविरुद्धको एफएमडी खोप लगाउन सुरु गरेका छौं,' शाखा प्रमुख राईले भने'अहिलेसम्म १५ हजार पशुवस्तुलाई खोप दिइएको छ । यो क्रम पुरै क्षेत्रमा सम्पन्न नहुँदासम्म प्राविधिकहरु खटिरहन्छन् ।' एफएमडी भ्याक्सिन नेपालमा उत्पादन नहुने भएकाले यसका लागि नेपाली किसान र पशु सेवाका प्राविधिकहरुले भारतीय भ्याक्सिनकै भर पर्नु परेको छ ।

गाई, भैंसी, बंगुर, बाख्रा र भेडामा यो रोग देखिने गरेको भएपनि गाई भैंसीमा बढी संख्यामा खोरेतको समस्या देखिने गरेको पशु चिकित्सकहरुको भनाई छ । ती पशु चौपायामा खोरेतविरुद्धको खोप लगाइने नगरपालिकाले जनाएको छ । खोरेत रोग लाग्दा पशु चौपायामा १०४ देखि १०६ डिग्रीसम्मको ज्वरो आउने, घाँसपात नखाने, झोक्राउने, गिँजा र जिब्रोमा स-साना फोका आउने, खुट्टाको खुरको कापमा समेत फोका आउने, मुख वरिपरि घाउ आउने भएकाले र्‍याल चुहिने, ब्याउने माउ गर्भ तुहिने समस्या देखिने, दूध दिइरहेको चौपायामा थुनेलोको समस्या देखिने जस्ता लक्षण देखापर्ने पशु चिकित्सक मण्डलले जानकारी दिए ।

# धार्मिक सभामा भागदौड हुँदा एक सय १६ जनाको मृत्यु



एजेन्सी । भारतको उत्तर प्रदेशमा मंगलबार एउटा धार्मिक सभामा भागदौड हुँदा हालसम्म एक सय १६ जनाको मृत्यु भएको छ। त्यस्तै अन्य धेरै व्यक्ति घाइते भएका छन्।टाइम्स अफ इन्डियाका अनुसार मृतकमध्ये हालसम्म ७२ जनाको पहिचान खुलेको छ।

मृत्यु हुनेमा अधिकांश महिला छन्। भेटिएका शवमध्ये १०८ वटा महिलाको, एउटा पुरूषको र सात वटा बालबालिकाको भएको टाइम्स अफ इन्डियाले जनाएको छ। मंगलबार युपीको हाथरस सहरनजिकै एक धार्मिक प्रचारकको प्रवचन कार्यक्रम थियो। प्रवचन सुन्न आएका सयौं मानिस कार्यक्रम सकेर बाहिर निस्किँदै गर्दा धूलोको आँधी आएजत्तिकै भएको थियो। त्यही क्रममा भागदौड हुँदा धेरै व्यक्तिले ज्यान गुमाएका हुन्।

भागदौडका कारण धेरै मान्छेको किचिएर मृत्यु भएको र शवहरू एकमाथि अर्को लडेको अवस्थामा फेला परेको स्थानीय प्रहरी अधिकारीहरूले जनाएका छन्।

'उपस्थित मानिसहरू कार्यक्रम स्थलबाट बाहिर निस्किँदै गर्दा धूलोको आँधी उठेको थियो। उनीहरूले केही देख्न सकेनन् र भागदौड सुरू भयो। त्यसपछि दुःखद घटना भयो,' अलीगढ सहरका उच्च प्रहरी अधिकारीले भनेका छन्।

प्रवचन सुन्न गएका मानिसहरूबीच यो भागदौड किन र कसरी सुरू भयो भन्नेबारे अहिलेसम्म यकिन जानकारी भने छैन। प्रहरीले यसबारे खोजबिन र अनुसन्धान गरिरहेको बताएको छ।

घटनामा घाइते भएका सयौं व्यक्तिलाई अस्पताल पुऱ्याइएको छ। उनीहरूमध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको संख्या बढ्ने अनुमान छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्दै मृतक र घाइतेको परिवारलाई आर्थिक सहयोग गर्ने बताएका छन्।

# भदौ मसान्तभित्र दुधको भुक्तानी गर्ने सहमति



झापा(प्रस) । डेरी उद्योगीले दुध किसानको बक्यौताको सम्पूर्ण रकम भदौ मसान्तसम्म भुक्तानी गरिसक्ने सहमति गरेका छन् । बक्यौता रकमको भुक्तानी गर्न माग गर्दै किसानले आन्दोलन गरेपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा भएको छलफलमा सो सहमति भएको हो ।

सहमति अनुसार २०८० चैत मसान्तसम्म भुक्तानी हुन बाँकी रकम असार २७ गतेसम्म गरिसक्ने र वैशाख र जेठको बक्यौता रकमको भुक्तानी २०८१ भदौ मसान्तसम्म गर्ने सहमति भएको किसानको प्रतिनिधि गर्ने संस्था केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालका अध्यक्ष अमर कुँवरले बताए । सो सहमतिसँगै संघले घोषणा गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम हाललाई स्थगित गरेको छ ।

मन्त्रालयमा भएको १० बुँदे सहमति अनुसार प्रत्येक दुग्ध उद्योगले किसानलाई दुध खरिद गरेबापत हरेक महिनामा दुई किस्तामा भुक्तानी गर्ने, महिनाको पहिलो १५ दिनको भुक्तानी सोही महिनाको २५ गतेभित्र र महिनाको पछिल्लो १५ दिनको अर्को महिनाको १० गतेभित्र गरिसक्नुपर्ने हुन्छ ।

दुध तथा दुग्ध पदार्थको उत्पादनमा उल्लेखनीय वृद्धि भएकाले आन्तरिक मागको तुलनामा आपूर्ति बढी भएकाले दुध तथा दुग्ध पदार्थको निर्यात गर्ने विकल्पलाई सहजीकरण गर्न निजी, सहकारी तथा सरकारी डेरी उद्योगलाई निर्यात प्रवर्धनका लागि सहुलियत प्रदान गर्न मन्त्रालयले पहल गर्ने सम्झौतापत्रमा उल्लेख छ । त्यसै गरी किसान र दुग्ध उद्योगले बैङ्कको ऋणमा लाग्ने ब्याजमा सहुलियत दिनका लागि मन्त्रालयले सहजीकरण गर्ने र दुग्ध उद्योगलाई कर्जा सहुलियतका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने सहमति भएको छ ।

कृषि मन्त्रालयका सचिव डा. राजेन्द्र मिश्र, राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्र यादव, दुग्ध विकास संस्थानका उपमहाप्रबन्धक राजेन्द्र अधिकारी, केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमर कुँवर, नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहाल र डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालसमेत १४ जना सरोकारवालाले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।

# कोशी बाढीको क्षति रोक्न उच्च सतर्कता

झापा(प्रस)। सप्तकोशी नदीको बहावमा उतारचढाव सुरु भएसँगै सुनसरी र सप्तरी जिल्लाका तटीय क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ । जुनकुनै समयमा बढ्न नसक्ने जलस्तरले निम्त्याउन सक्ने विपद्लाई दृष्टिगत गर्दै तटीय भेगका दुवै जिल्ला सुनसरी र सप्तरीले सतकर्तासहितको आवश्यक तयारी अघि बढाएको हो ।

बाढी पूर्वतयारीलाई लिएर कोशी ब्यारेजमा दुवै जिल्लाका सुरक्षा निकायको उपस्थितिमा आकस्मिक बैठक डाकिएको छ । बैठकले नदीमा आउनसक्ने बाढीको आँकलन गर्दै सूचना संप्रेषण र विपद् पूर्वतयारीको कार्यलाई तदारुकताका साथ बढाउने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले बाढीसँगै कोशीमा डुङ्गा चलाउन र माछा मार्न प्रशासनले रोक लगाएको जानकारी दिए । बैठकले पानीको बहावसँगै आवश्यकताअनुसार ब्यारेजका ढोका खोल्न संयुक्त पहल गर्ने निर्णय गरेको उनको भनाइ छ ।



सप्तकोशीमा बहाव बढ्दै जाँदा सम्भावित जोखिम मानिएका स्परको सुरक्षामा प्रशासनले विशेष चासो दिएको छ । नेपाली पक्षको समन्वयमा उक्त क्षेत्रमा भारतीय पक्षले तारजाली र बालुवा भरिएका बोरा राख्ने काम जारी राखेको छ ।

यसैगरी, ब्यारेजमा सम्पन्न प्रजिअसहित सुरक्षा निकायको बैठकले सीमापार हुने अपराध र तस्करी नियन्त्रणका साथै तीव्र गतिका कारण राजमार्गमा हुने दुर्घटना न्यूनीकरणका सवालमा समेत सहकार्य गरेर अघि बढ्ने निर्णय गरेको छ । टोलीले कोशी ब्यारेज नियन्त्रण कक्ष (कन्ट्रोल रुम) का साथै ब्यारेज पुलको संरचना र नदी तटीय क्षेत्रको निरीक्षण गरेको छ । सप्तकोशी नदीमा केही दिन यता दुई लाख क्युसेकको आसपास बहाव मापन हुँदै आएको छ ।

सप्तकोशीको जलस्तर बढ्दा पछिल्ला केही वर्षयता ब्यारेजका ५६ वटै ढोका खोलिँदै आइएको छ । भारतीय पक्षको नियन्त्रणमा रहेको ब्यारेजका ढोका खोल्न नेपाली पक्षले भारतसँग आग्रह गर्नुपर्ने हुन्छ । भारतीय पक्षले भने जलस्तरको मापनका आधारमा ब्यारेजका ढोका खोल्ने गर्छ । ढोका खोल्न ढिला हुँदा वर्षेनि नेपाली भूभाग डुबानमा पर्ने गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने